# आकाशवाणी समाचार- नेपाली

मितिः २६ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

## प्रमुख समाचार

### राष्ट्रपति - सिक्किम दौरा

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि सिक्किमको तीन दिने भ्रमणमा हुनुहुनेछ। भ्रमणका क्रममा उहाले विभिन्न कार्यक्रममा सहभागी हुने तथा धेरै ठाउँको भ्रमण गर्नु हुनेछ। साँझ उहाले गान्तोकस्थित नामग्याल तिब्बती विज्ञान प्रतिष्ठानको भ्रमण गर्नुहुनेछ। भोलि राष्ट्रपति मुर्मुले नाथुलाको भ्रमण गर्नुहुनेछ र त्यहाँ तैनाथ सैनिकहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। त्यसपछि उहा गान्तोकमा सिक्किम विश्वविद्यालयको दीक्षान्त समारोहमा पनि सहभागी हुनुहुनेछ। भ्रमणको अन्तिम दिन गान्तोकको पालजोर स्टेडियममा आयोजित एक समारोहमा राष्ट्रपतिले सिक्किम पुलिसलाई राष्ट्रपति पुलीस **ध्वज प्रदान गर्नुहुनेछ**।

### वरिष्ठ IAS अधिकारी नीलम मीणा

वरिष्ठ IAS अधिकारी नीलम मीणालाई हिज सोमवार पश्चिम बंगालको नया मुख्य चुनाव अधिकारी नियुक्त गरिएको छ। हालै राज्यमा सत्ता परिवर्तन भएपछि सुवेन्दु अधिकारी नेतृत्वको सरकारले मुख्य निर्वाचन अधिकारी मनोजकुमार अग्रवाललाई मुख्य सचिवमा नियुक्त गरेको थियो | त्यसयता मुख्य चुनाव अधिकारी (सीईओ) को पद रिक्त थियो |

मनोज कुमार अग्रवाल सन् १९९० ब्याचका आइएएस अधिकारी थिए। उहाँको कार्यकालमा राज्यमा एसआईआर प्रक्रिया पूरा भएको थियो। उहाँले चुनाव सम्पन्न गर्नमा पनि महत्त्वपूर्ण भूमिका खेलेका थिए र राज्यमा परिवर्तन पछि उहाँलाई राज्य प्रशासनको सर्वोच्च ब्यूरोक्रेटको जिम्मेवारी दिइएको थियो।

निर्वाचन आयोगले राज्यका मुख्य सचिवलाई लेखेको पत्रमा पश्चिम बंगाल क्याडरकी १९९८ ब्याचकी आईएएस अधिकारी नीलम मीनालाई सीईओ नियुक्त गर्न लागिएको जनाएको छ।

नीलम मीनाले मुख्य निर्वाचन अधिकारीको पद सम्हाल्दै राज्य सरकारको कुनै अतिरिक्त प्रभार लिनेछैनन्। नीलम मीणा राज्य उपभोक्ता संरक्षण विभागको प्रधान सचिव थिइन्। पश्चिम बंगाल सरकारले राज्यको नयाँ मुख्य निर्वाचन अधिकारी चयनका लागि तीन वरिष्ठ आईएएस अधिकारीहरूको प्यानल निर्वाचन आयोगमा पठाएको थियो। नीलम मीना, तन्मय चक्रवर्ती र मौमिता गोदारा बसु मनोनयनमा परेका थिए।

राजस्थानकी नीलम मीनाले वनस्पति विज्ञान र इतिहासमा शिक्षा हासिल गरेकी थिइन्। उहाँले 28 वर्ष भन्दा बढीको लागि विभिन्न पदहरूमा कार्य गरेकी छिन्। आफ्नो लामो प्रशासनिक करियरमा उहाँले पश्चिम बङ्गालमा धेरै महत्त्वपूर्ण प्रशासनिक पदहरू सफलतापूर्वक सम्हालेकी छन्। उनी इन्स्टिच्युट अफ इन्भाइरोमेन्टल स्टडिज एन्ड वेटल्याण्ड म्यानेजमेन्टकी निर्देशक पनि थिइन्।

### कोलकाता मेट्रोको ओरेन्ज लाइनमा ६२ मिटरको भ्याडक्ट ग्याप पूरा

रेलमन्त्री अश्विनी वैष्णवले हिज कोलकाता मेट्रोको ओरेन्ज लाइनको चिंगरीघाटामा रहेको ६२ मिटर लामो भ्याडक्ट ग्याप सफलतापूर्वक बन्द गरिएको बताउनु भएको छ। उहाँले यसलाई परियोजनाको एक महत्त्वपूर्ण चरणको रूपमा वर्णन गर्नुभयो।सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एक पोस्टमा रेलमन्त्रीले भन्नुभयो , काम लामो समयदेखि विचाराधीन थियो, किनभने अखिल भारतीय तृणमूल कांग्रेस (टीएमसी) सरकारले ट्राफिक डाइभर्सनलाई अनुमति दिएको थिएन। उहाँले आरोप लगाउदै , परियोजनाले उच्च अदालत र सर्वोच्च अदालतबाट स्वीकृति पाए पनि काम रोकिएको बताउनु भयो। अश्विनी वैष्णवले भन्नुभयो , लगातार दुई सप्ताहन्तमा रातिमा ट्राफिक अवरोध लगाएर काम पूरा गरिएको थियो। उहाँले थप भन्नुभयो , निर्माण कार्य पूरा भएपछि व्यस्त चौबाटोमा रहेको सडक समय तालिका भन्दा तीन घण्टा अगाडि नै यातायातको लागि खोलिएको छ।

कोलकाता मेट्रोको ओरेन्ज लाइनलाई शहरको प्रमुख यातायात परियोजनाहरू मध्ये एक मानिन्छ, जसले ट्राफिक प्रवाहलाई अझ सुधार गर्न मद्दत गर्दछ।

**डा.अशोक लाहिडी**

नीती आयोगका उपाध्यक्ष डा.अशोक लाहिडीले भीडियो कन्फेन्सिंग मार्फत पश्चिम बंगालका मुख्यमंत्री सुभेन्दु अधिकारीसित एउटा महत्वपूर्ण बैठक गर्नुभयो। बैठकमा मुख्य सचिव मनोज अग्रवाल सहित अन्य बरिष्ठ अधिकारीहरू उपस्थित रहेका थिए। बैठकमा श्री लाहिडीसंग नीति आयोगको टीम पनि सामेल थियो। बैठकमा पश्चिम बंगालको विकासमा चुनौतिहरू तथा अवसरहरूबारे गहन छलफल गरियो। केन्द्र र राज्यमा अब डबल इन्जीनिको भाजपा सरकार रहेकोले राज्यको विकासले तीव्र गति पाउने आशा गरिन्दैछ।

**होल्डिङ सेन्टर**

पश्चिम बंगालको मालदा जिल्लामा राज्यको पहिलो होल्डिङ सेन्टर खोलिएको छ। इङ्लिस बजारको चन्दन पार्कमा बनेको यो केन्द्र भारतमा अवैध रुपमा बस्दै आएका बंगलादेशीहरुका लागि निर्माण गरिएको हो। यो सम्पूर्ण मालदा जिल्लाको एक मात्र यस्तो केन्द्र हो र यो राज्यमा आफ्नो प्रकारको पहिलो केन्द्र हो जँहा आइतबार केन्द्र खुल्दा नौ जनालाई पहिलो पटक यहाँ ल्याइएको थियो। जसमा तीन महिला र छ जना बालबालिका रहेका छन्।यी सबै व्यक्ति मालदा जिल्लाको गजोल पुलिस स्टेशनको पाण्डुआ क्षेत्रबाट पक्राउ परेका हुन्। पक्राउ परेपछि उनीहरुलाई यो नयाँ होल्डिङ सेन्टरमा पठाइएको छ । यस केन्द्रको सुरक्षाका लागि पूर्ण तयारी गरिएको छ। सम्पूर्ण कम्प्लेक्सको वरिपरि सुरक्षा घेरा लगाइएको छ र कुनै पनि गतिविधिमा नजर राख्न प्रत्येक कुनामा सीसीटीभी क्यामेरा जडान गरिएको छ। केन्द्रलाई सुरक्षित राख्न र चलाउन त्यहाँ पूरै टोली तैनाथ गरिएको छ। यो टोलीमा १२ जना पुलिस छन्, ३ जना सिभिल डिफेन्सका स्वयंसेवक छन्। यो सम्पूर्ण कवायदलाई शुभेन्दु सरकारको नयाँ प्रणालीका रूपमा हेरिएको छ, जसअन्तर्गत अवैध घुसपैठ र शंकास्पद विदेशी नागरिकसँग सम्बन्धित मुद्दालाई अब निश्चित स्थानमा राखेर कारबाही गरिनेछ।

**डा गम्भीर सिंह योन्जन पदम श्री पुरस्कार**

शिक्षा विद एवं प्रख्यात वनस्पति विद डा गम्भीर सिंह योन्जन पदम श्री पुरस्कार २०२६ले सम्मानित भएका छन्।हिज राष्ट्रपति द्रौपदी मुर्मुको बाहुलीबाट उहाँले पदम श्री पुरुस्कार ग्रहण गर्नुभयो।शिक्षा र साहित्य क्षेत्रमा पुराएको उल्लेखनीय योगदानको निम्ति योन्जोन लाई पदम श्री पुरुस्कार अर्पण गरिएको हो।कालेबुंग को सिंजीमा जन्मेका जी एस योनजोन united state educational बाट full bright fellowship पाउने पहिलो नेपाली भाषी गोर्खा हुन्।

शिक्षा, विज्ञान, साहित्य र वातावरण संरक्षण क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका पद्मश्री सम्मानित डा. गम्बिर सिंह योन्जोनज्यूले हाम्रो समाजलाई विश्वमञ्चमा चिनाउनुभएको छ भनि बताउनु हुदै यो केवल सम्मान होइन, सम्पूर्ण दार्जिलिङ पहाड, तराई–डुवर्स तथा भारतीय गोर्खा समाजको गौरवको क्षण हो भनि भाजपाका सांसद, दार्जिलिङ एवं राष्ट्रिय प्रवक्ता, राजु विष्ट बताउनु भएको छ।

**पूर्व प्रधानमंत्री शेर बहादुर देउवा**

नेपालको उच्चतम न्यायालय (सुप्रीम कोर्ट) ले हिज सोमवार पूर्व प्रधानमंत्री शेर बहादुर देउवा र उहाँकी पत्नी डॉ. आरजू राणा देउवा को पक्राउको आदेश माथि अंतरिम रोक लगाएको छ। न्यायमूर्ति महेश शर्मा पौडेल र न्यायमूर्ति नित्यानंद पाण्डेयको संयुक्त पीठले सरकारले जारी गरेको पक्राउ वारन्टविरुद्ध दायर गरिएको निवेदनमाथि सुनुवाइ गर्दै यो आदेश जारी गरेको हो।देउवा दंपत्ति यस समय हांगकांगमा छन्। यसअघि इन्टरपोलले पनि यस विषयमा सरकारको अनुरोधमा कदम चाल्न अस्वीकार गरेको बताइएको छ।

**सिक्किमको नाथुला**

सिक्किमको नाथुला जाने जवाहर रोडमा हिज सोमबार बिहान ठूलो दुर्घटना भएको खबर प्राप्त भएको छ , जसमा कसैको हताहत नभएको र ठूलो घटना टरेको खबर प्राप्त भएको छ , अचानक नाथुला पासमा पहाड सडकमा खसेको थियो , जसका कारण सिक्किम नाथुला रोड बन्द भएको थियो।

**मौसम**

भीषण  गर्मीको बीचमा, अलिपुर मौसम विभागले केही राहतको आशा व्यक्त गर्दै पूर्वानुमान जारी गरेको छ। बुधबारदेखि, सम्पूर्ण दक्षिण बंगालमा मेघगर्जन र वर्षाको सम्भावना बढ्ने अपेक्षा गरिएको छ। दमनकारी गर्मी कम हुने अपेक्षा गरिएको छ, जसले गर्दा तापक्रममा गिरावट आउने अपेक्षा गरिएको छ। यद्यपि, आगामी २४ घण्टामा तीव्र गर्मीबाट कुनै राहत पाउने अपेक्षा गरिएको छैन।

उत्तर बंगालमा, बुधबारपछि वर्षा घट्ने अनुमान गरिएको छ। मंगलबार बिहान, कोलकातामा रेकर्ड गरिएको न्यूनतम तापक्रम २९.९ डिग्री सेल्सियस थियो - जुन मौसमी सामान्य भन्दा २.७ डिग्री बढी हो।

****** ० ******